गोदावरी नगरपालिका
Godawari Municipality
गोदावरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
Office Of Municipal Executive
बज्रवाराही, ललितपुर, Bajbarahi, Lalitpur
वागमती प्रदेश, नेपाल, Bagmati Province, Nepal

पं सं/Let. No.
च. नं/Ref. No.

मितिः २०७९/१०/२०

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बज्रवाराही, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

## निवेदन संकलन गरी पठाउने सम्बन्धि सूचना ।

प्रस्तुत विषयमा च.नं. ०७९/८०-२३१, मिति २०७९/१०/१९ गतेको नेपाल नगरपालिका संघको पत्र बमोजिम मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानून बमोजिम बुझाउनु पर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कार्वाही गर्ने सम्बन्धमा, निर्वाचन आयोगले तोकेको जरिवाना २०७९ फागुन मसान्त सम्म नबुझाएमा २०७९ चैत्र १ गते बाट निर्वाचित पद समेत खारेज हुने निर्णय भएको हुदाँ नेपाल नगरपालिका महासंघले जरिवाना मिनाहाको प्रयास गरिरहेको र समस्या समाधानको लागि सामुहिक निवेदनको आधारमा जरिवाना मिनाह गर्न सम्माननीय राष्ट्रपति समक्ष निवेदन पेश गर्ने व्यहोरा सबैलाई जानकारीको लागि अनुरोध छ। साथै यसै सूचना सगैं संलग्न निवेदनको ढाँचामा खर्च विवरण नबुझाई जरिवाना तोकीएका सबै उम्मेदवारहरुको निवेदन एक हप्ता भित्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

..............
(गजेन्द्र महर्जन)
नगर प्रमुख

मिति: २०७९।१०।१९

**सम्माननीय राष्ट्रपतिज्यू**

राष्ट्रपतिको कार्यालय, शितलनिवास, काठमाडौ

## विषय: जरिवाना मिनाहा गराइपाउँ भन्ने सम्बन्धमा

उपरोक्त सम्बन्धमा मिति २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तह अन्तर्गत यस महानगर/उप महानगर/नगरपालिका निर्वाचनमा तपसिलका हामी उम्मेदवारहरुले भूलवश तोकिएको समयसीमा भित्र निर्वाचनमा भएको खर्चको विवरण बुझाउन छुट हुन गएको व्यहोरा सविनय अनुरोध गर्दछौं ।

सो विवरण नबुझाएको कारण निर्वाचन आयोग, नेपालले हामी उम्मेदवारलाई कारवाही स्वरुप १ लाख ५० हजार देखि ७ लाख ५० हजारसम्म जरिवाना गर्ने निर्णय गरेको र सो निर्णय अनुसार चर्को र अव्यवहारिक जरिवाना बुझाउन विशेष गरि महिला, दलित, अल्पसंख्यक र विपन्न वर्ग असमर्थ रहेका हुँदा सयौं जनप्रतिनिधिहरुको पद नै गुम्न जाने परिस्थितीले संविधानको समावेशी लोकतन्त्रको जगनै धरासायी हुने र आगामी ६ वर्षसम्म उम्मेदवार हुन नपाउने कठोर निर्णयबाट नागरिकको मौलिक हकको समेत हनन् हुने तथ्यलाई मनन गर्दै नेपालको आर्थिक, सामाजिक, भौगोलिक, राजनीतिक र शैक्षिक परिवेशलाई दृष्टिगत गरि ब्यवहारिक एवं परिस्थितिजन्य समस्याको समाधान गर्न एक पटकको लागि बिभिन्न कारणले निर्वाचन खर्चको बिवरण बुझाउन नसकेका हामी तपसिलका उल्लिखित उम्मेदवारलाई तोकिएको जरिवाना मिनाहा हुने प्रबन्धको लागि सम्माननीय राष्ट्रिपतिज्यूसमक्ष सादर निवेदन गर्दछौं ।

प्रदेश: ............ जिल्ला .................... महानगर/उप महानगर/नगरपालिका ..............................

बोधार्थ:

1. सम्माननीय प्रधानमन्त्रीज्यू, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
2. माननीय गृह मन्त्रीज्यू, गृह मन्त्रालय
3. नेपाल नगरपालिका संघ

### निवेदकको विवरण

| क्र.सं. | जरिवाना तोकिएको उम्मेदवारको नाम, थर | उम्मेदवार भएको पद | आयोगबाट तोकिएको जरिवाना रकम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | रु | | |
|---|---|---|---|---|---|
| 1. | | | | | |
| 2. | | | | | |
| 3. | | | | | |
| 4. | | | | | |
| 5. | | | | | |

"Partnership for Urban Governance" DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. ०७९/८०-२३१

मितिः २०७९/१०/१९

श्रीमान नगर प्रमुख ज्यू
सम्पूर्ण महानगर, उप महानगर र नगरपालिकाहरु ।

दर्ता नं. ३३४८
मितिः ०५९।१०।२०

**बिषयः निवेदन संकलन गरी पठाउने सम्वन्धमा ।**

उपरोक्त सम्वन्धमा मितिः २०७९ साल बैशाख ३० गते सम्पन्न स्थानीय तहको निर्वाचनमा उम्मेदवार भई कानून बमोजिम बुझाउनुपर्ने निर्वाचन खर्चको विवरण नबुझाउने उम्मेदवारलाई कारबाही गर्ने सम्वन्धमा निर्वाचन आयोग नेपालले तोकेको जरिवाना अत्यन्तै अव्यवहारिक र अन्यायपूर्ण रहेकोमा उक्त जरिवाना रकम मिनाहा गराउन यस नेपाल नगरपालिका संघले यथेष्ट प्रयत्न गरिरहेको ब्यहोरा अवगत गराउन चाहन्छौं । निर्वाचन आयोगले तोकेको जरिवाना २०७९ फागुण मसान्त सम्म नबुझाएमा २०७९ चैत्र १ गते बाट निर्वाचित पद समेत खारेज हुने निर्णय समेत गरिसकेकोले त्यस अगावै यस समस्याको उचित समाधान खोज्नै पर्दछ ।

यस सम्वन्धमा सरोकारवालाहरु संग भएका निरन्तर सम्वाद र परामर्श अनुसार सम्माननीय राष्ट्रपति समक्ष कारबाहीमा परेका सवै उम्मेदवारहरुबाट आफुलाई तोकिएको जरिवाना मिनाहाको लागि सामुहिक रुपमा अनुरोध गर्ने, नेपाल सरकारबाट यहि सामुहिक निवेदनको आधारमा सम्माननीय राष्ट्रपतिलाई जरिवाना मिनाहाको लागि अनुरोध गर्ने र सम्माननीय राष्ट्रपतिज्यू वाट मिनाहादिने प्रकृयानै अहिलेको लागि उचित बिकल्प देखिएकोले तहाँ नगरपालिका अन्तर्गत उक्त निर्वाचनमा उम्मेदवार भएका तर खर्च बिवरण नबुझाई जरिवाना तोकिएका सबै उम्मेदवारहरुको निवेदन यसै साथ संलग्न तालिका बमोजिम तयार पारी मिति २०७९ माघ २२ गते भित्र सो को कपी तपसिलमा उल्लेखित इमेलमा पठाउनुहुन र सो को सक्कलै कपी ५ दिन भित्र संघको तपसिलमा उल्लेखित कार्यालयमा आइपुग्ने गरी पठाउनुहुन हार्दिक अनुरोध गर्दछौं ।

पुनश्चः यस कार्यलाई अत्यन्तै प्राथमिकतमा राखि तोकिएको समय भित्र बिवरण पठाउनुहुन अनुरोध छ । र तहाँ नगरपलिका अन्तर्गत जरिवाना तोकिएका कुनैपनि उम्मेदवार नछुट्ने तर्फ ध्यान दिनुहुन अनुरोध छ । उम्मेदवारको नामावली तथा जरिवाना रकम हेर्नको लागि निवार्चन आयोग नेपाल वेबसाईटको लिंक तल उल्लेख गरिएको छ । https://election.gov.np/np/page/election-expense-ll

भीम प्रसाद दुंगाना
अध्यक्ष

तयार गरिएको विवरण ईमेल र सक्कलकपी पठाउनको लागि सम्पर्क ब्यक्ति, सम्पर्क नं. र ईमेल ठेगाना यसै पत्रसाथ संलग्न गरिएको छ ।

इमेलः info@muannepal.org.np

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14286, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

बिवरण ईमेल र सक्कल कपी पठाउनको लागि सम्पर्क ब्यक्ति, सम्पर्क नं. र ईमेल ठेगाना देहाय अनुसार रहेको छ। डकुमेण्ट ईमेल गर्दा सम्वन्धित प्रदेश फोकल पर्सन वा सोही प्रदेशको PMLC फोकल पर्सनहरुको इमेल ठेगानामा पठाउनुहुन अनुरोध गर्दछौं।

| क्र.सं | सम्पर्क व्यक्तिको नाम | पद | ठेगाना | सम्पर्क नं. | इमेल ठेगाना |
|---|---|---|---|---|---|
| १ | भिम प्रसाद ढुंगाना | अध्यक्ष | | ९८५१००७१०१ | bpddhading@gmail.com |
| २ | कलानिधि देवकोटा | कार्यकारी निर्देशक | | ९८५१०५७३२१ | mail.kalanidhi@gmail.com |
| ३ | रवि वेन्जु | प्रदेश व्यवस्थापक | प्रदेश १ | ९८४१७५३५७० | wenju.rabi@gmail.com |
| ४ | खगेन्द्र प्रसाद खतिवडा | PMLC Focal Person | | ९८५२०५६९७४ | khagendrak@gmail.com |
| ५ | ज्योति शर्मा | प्रदेश व्यवस्थापक | मधेश प्रदेश | ९८४५२४९८८८ | jyotiisharma125@gmail.com |
| ६ | दिपेन्द्र कुमार उप्रेती | PMLC Focal Person | | ९८४९६१९७६४ | ito.harionmun@gmail.com |
| ७ | विजय शाह | WASH Officer | | ९८४१५३४७७७ | ervijaysah@gmail.com |
| ८ | अक्वर अन्सारी | WASH Officer | | ९८४४३२३००४ | akwar.rights@gmail.com |
| ९ | मुस्कान श्रेष्ठ | प्रदेश व्यवस्थापक | बागमती प्रदेश | ९८४१७५६७६५ | muskansth@gmail.com |
| १० | विदुर गौतम | PMLC Focal Person | | ९८५११४६१४२ | gautambidur072@gmail.com |
| ११ | जगन्नाथ सापकोटा | PMLC Focal Person | | ९८५५०७३९०० | jagannathsapkota72@gmail.com |
| १२ | क्षितिज अर्याल | प्रदेश व्यवस्थापक | गण्डकी प्रदेश | ९८०१११७३६२ | aryal2048@gmail.com |
| १३ | अशोक द्वारे | PMLC Focal Person | | ९८४६०००९४० | ashokdware@gmail.com |
| १४ | प्रमोद न्याछ्यों | प्रदेश व्यवस्थापक | लुम्बिनी प्रदेश | ९८४३१११२९ | pramod3296@gmail.com |
| १५ | दामोदर ज्ञवाली | PMLC Focal Person | | ९८४७०२५९१६ | dganjan12@gmail.com |
| १६ | राजन कुमार केसी | PMLC Focal Person | | ९८५८०२३२३६ | rajan_npj12@yahoo.com |
| १७ | लक्ष्मण उपाध्याय | WASH Officer | | ९८५७०२१३२१ | laxmanupadhyay709@gmail.com |
| १८ | ललित मणि आर्चाय | प्रदेश व्यवस्थापक | कर्णाली प्रदेश | ९८४१२७८७११ | lalitmani07@gmail.com |
| १९ | ज्योती केसी | PMLC Focal Person | | ९८४८०५०३१० | kc.jyoti2077@gmail.com |
| २० | मधुसुदन रिजाल | प्रदेश व्यवस्थापक | सुदुरपश्चिम प्रदेश | ९८४१७००६८६ | kirtirijal@gmail.com |
| २१ | डिल्लीराज ओझा | PMLC Focal Person | | ९८४८४२४८५२ | dillirajojha72@gmail.com |